अर्थ वाणिज्य

सुन छापावाल ५२,५००/- (प्रतितोला)
सुन तेजावी ५१,२००/- (प्रतितोला)
चाँदी छमली ७२५/- (प्रतितोला)

६

२०७५ चैत २०, बुधवार
Wednesday, 3 April, 2019
हिमालय टाइम्स

निहोन एजुकेशन कल्चर्स

काठमाडौं । काठमाडौंको सुकेधारामा निहोन एजुकेशन कल्चर्स केन्द्र स्थापना गरिएको छ । बागमती बोर्डिङ स्कुलमा स्थापना भएको केन्द्रले जापानिज भाषाका विभिन्न कोर्षको अध्ययन अध्यापन गराउनेछ। मंगलबार एक कार्यक्रमबीच पूर्वरक्षामन्त्री भीमसेन दास प्रधान र नेपालस्थित जापानी राजदूत सामामिची साइगोले संयुक्तरूपमा समुद्घाटन गरे । राजदूत सामामिची साइगोले केन्द्र हालै सम्पन्न दुई देशबीचको श्रम सम्झौताका लागि उपयोगी हुनसक्ने बताए । प्राडा सुरेन्द्र सिटौलाले आगामी मे बाट बागमती बोर्डिङ स्कुलमा जापानिज भाषाका तीन, चार र पाँच लेवलका कक्षा सञ्चालन गरिने जानकारी दिए । सो अवसरमा नेपाल जापान फ्रेण्डसिप सोसाइटीका अध्यक्ष लेखनाथ घिमिरे, पूर्वसचिव तुलसी सिटौलालगायतको उपस्थिति थियो ।